व्यावसायिक कृषि, उत्पादनमूलक उद्योग, पूर्वाधार निर्माण र पर्यटनसँग सम्बन्धित नेपाली फर्म तथा कम्पनीले विदेशी संस्थाबाट नेपालमा विदेशी ऋण भित्र्याउने प्रयोजनका लागि इजाजतपत्रप्राप्त "क" वर्गका बैंकले विदेशी मुद्राको बैंक ग्यारेण्टी वा **Stand by** प्रतीतपत्र जारी गर्न सक्नेछन् । यसरी जारी भएको ग्यारेण्टी वा प्रतीतपत्र ऋणको बक्यौता साँवा र अवधिसम्म मात्र कायम रहनु पर्नेछ । विदेशी ऋण सम्बन्धी अन्य व्यवस्थाहरु नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ बमोजिम हुनेछ ।

४. एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्र: १८/२०७६ को दफा ३ तथा सो दफा अन्तर्गतका शर्त १, ६, १०, ११, १२, १४ र १५ लाई देहायबमोजिम संशोधन गरिएको छ:

यस बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गका बैंकले देहायका शर्तहरू पालना हुने गरी परिवर्त्य विदेशी मुद्रामा मुद्दती निक्षेप संकलन गर्न र परिचालन गर्न सक्नेछन् :

संशोधन गरिएका शर्तहरु:

१. विदेशी मुद्रा मुद्दती निक्षेपको अवधि कम्तीमा १ वर्ष हुनुपर्नेछ ।

६. यस प्रकारको खाता अमेरिकी डलर, यूरो, पाउण्ड स्टर्लिङ, अष्ट्रेलियन डलर, क्यानेडियन डलर, जापानिज येन र चिनियाँ युआनमा खोल्न सकिनेछ ।

१०. मुद्दती निक्षेपमा पाकेको ब्याज सम्बन्धित वाणिज्य बैंकको नियमानुसार प्रदान गर्नु पर्नेछ । साँवाको हकमा भुक्तानी अवधि समाप्त भएपछि मात्र फिर्ता गर्नुपर्नेछ । तर, एक वर्षभन्दा बढी अवधिको मुद्दती निक्षेप एक वर्ष अवधि व्यतीत भएपछि निक्षेपकर्ताले **Premature** गर्न चाहेमा **Premature** गरी फिर्ता गर्न सकिनेछ ।

११. मुद्दती निक्षेप खातामा बैंकिङ्ग प्रणालीबाट मात्र रकम जम्मा गर्नु पर्नेछ । उक्त रकम फिर्ता गर्नु परेको खण्डमा समेत बैंकिङ्ग प्रणालीमार्फत नै फिर्ता गर्नु पर्नेछ ।

१२. संस्थागत विदेशी निक्षेपकर्ता तथा गैर-आवासीय नेपालीहरूबाट न्यूनतम अमेरिकी डलर पाँच हजार वा सो बराबरको (शर्त नं. ६ मा उल्लिखित अन्य मुद्राको समेत) निक्षेप संकलन गर्न सकिनेछ ।

१४. *(साबिकको शर्त १४ हटाइएको, साबिकको शर्त १५ मा संशोधन र क्रमसंख्या मिलान)*: खाता खोल्दा तथा सञ्चालन गर्दा प्रचलित कानुनबमोजिम ग्राहक पहिचान हुने व्यवस्था मिलाउनु पर्नेछ । यसरी खाता खोल्दा तथा ग्राहक पहिचान गर्दा विद्युतीय माध्यमबाट समेत गर्न सकिनेछ ।

५. एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्र: १८/२०७६ मा देहायबमोजिम दफा ४ थप गरिएको छ:

यस बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गका बैंकले देहायका शर्तहरू पालना हुने गरी परिवर्त्य विदेशी मुद्रामा बचत निक्षेप संकलन गर्न र परिचालन गर्न सक्नेछन् :

शर्तहरु :

(क) यस्तो निक्षेप खाता गैर-आवासीय नेपाली तथा गैर-आवासीय नेपालीबाट प्रबर्द्धित विदेशस्थित संस्थाको मात्र खोल्न/सञ्चालन गर्न सकिनेछ ।

(ख) गैर-आवासीय नेपालीको नाममा संयुक्त रुपमा समेत यस प्रकारको खाता खोल्न सकिनेछ ।

(ग) गैर-आवासीय नेपालीको नाममा खाता खोल्दा तथा सञ्चालन गर्दा नेपाल सरकारको सम्बन्धित निकायबाट जारी भएको गैर-आवासीय नेपालीको अद्यावधिक परिचयपत्रको प्रतिलिपि लिनुपर्नेछ । गैर-आवासीय नेपालीबाट प्रबर्द्धित विदेशस्थित संस्थाको खाता खोल्दा तथा सञ्चालन गर्दा नेपाल सरकारको सम्बन्धित निकायबाट जारी भएको गैर-आवासीय नेपालीको अद्यावधिक परिचयपत्रको प्रतिलिपि समेत लिनुपर्नेछ ।

(घ) यस प्रकारको खाता दफा ३ को शर्त नं. ६ मा उल्लिखित परिवर्त्य विदेशी मुद्रामा खोल्न सकिनेछ ।

(ङ) यस प्रकारको खातामा अमेरिकी डलर पाँच हजार वा सो बराबरको उपर्युक्त परिवर्त्य विदेशी मुद्रा न्यूनतम मौज्दात कायम हुनुपर्नेछ ।

(च) यस्तो खातामा रहेको निक्षेप फिर्ता गर्नु पर्दा निक्षेपकर्ताले जम्मा गरेको मुद्रा र निक्षेप प्राप्त भएको देश फरक नपर्ने गरी निक्षेपकर्ताको नाममा विदेशमा खोलिएको खातामा फिर्ता पठाउनु पर्नेछ । तर, यस्तो खाता खर्च गरी नेपाली रुपैयाँमा भुक्तानी वा ट्रान्सफर गर्न यस व्यवस्थाले बाधा पर्ने छैन ।

(छ) यस्तो निक्षेप खातामा बैंकिङ्ग प्रणालीबाट मात्र रकम जम्मा गर्नु पर्नेछ । उक्त रकम फिर्ता गर्नु परेको खण्डमा समेत बैंकिङ्ग प्रणालीमार्फत नै फिर्ता गर्नु पर्नेछ ।

६. एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्र: १८/२०७६ मा देहायबमोजिम दफा ५ थप गरिएको छ:

दफा ३ र ४ बमोजिम खोलिएका खाताको विवरण अनुसूची १८.१ बमोजिमको ढाँचामा मासिक रुपमा यस बैंकमा पठाउनु पर्नेछ ।

७. एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्र: २०/२०७६ को दफा २ लाई देहायबमोजिम संशोधन गरिएको छ:

**Derivatives (Forwards, Futures, Options, Swaps)** कारोबारमा हुने जोखिम व्यवस्थापनसम्बन्धी व्यवस्था :

इजाजतपत्रप्राप्त "क" वर्गका बैंकले आफूसँग मौज्दात रहेको परिवर्त्य विदेशी मुद्राको लगानी व्यवस्थापन तथा विनिमय दरमा हुने उतार चढावको कारणले हुन सक्ने जोखिम व्यवस्थापनको लागि प्रचलित